January 9th, 2026  Monday

यो आकाशवाणी हो।

मुख्य समाचार

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज सेशेल्सका लागि 17 करोड 50 लाख डलरको विशेष आर्थिक प्याकेजको घोषणा गर्नुभयो।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले लोकप्रिय अन्तरक्रियात्मक कार्यक्रम परीक्षा पे चर्चाको 9औं संस्करणको क्रममा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो।

3. केन्द्रीय गृहमन्त्री अमित शाहले छत्तीसगढको बस्तरको डिभिजनल मुख्यालय जगदलपुरमा बस्तर पाण्डुम महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै, सक्रिय नक्सलीहरूलाई हतियार त्यागन, आत्मसमर्पण गर्न र समाजको मुख्यधारामा फर्कन अपील गर्नुभएको छ। र

4. ICC पुरुष T20 विश्वकपमा, दिनको तेस्रो खेलमा, दक्षिण अफ्रिकाले साँझ 7 बजे देखि अहमदाबादको नरेन्द्र मोदी रंगशालामा समूह डी को खेलमा क्यानडाको सामना गर्दैछ।

पीएम- सेशेल्स प्रेस बैठक

प्रधानमन्त्री नरेन्द्र मोदीले आज सेशेल्सका लागि 17 करोड 50 लाख डलरको विशेष आर्थिक प्याकेजको घोषणा गर्नुभयो। नयाँ दिल्लीमा सेशेल्सका राष्ट्रपति डॉ. पैट्रिक हर्मिनीसँग भेट गरेपछि संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले यो प्याकेजले सामाजिक आवास, ई-गतिशीलता, व्यावसायिक प्रशिक्षण, स्वास्थ्य, रक्षा र समुद्री सुरक्षालाई सहयोग गर्ने बताउनुभयो। भारत र सेशेल्सले स्वास्थ्य, मौसम विज्ञान, इलेक्ट्रोनिक्स र सूचना प्रविधि र एवं सुशासन लगायत विभिन्न क्षेत्रहरूमा 7 वटा समझदारी पत्रमा पनि हस्ताक्षर गरेका छन्। सम्झौताहरूमा भारत मौसम विज्ञान विभाग र सेशेल्स मौसम विज्ञान प्राधिकरण बीचको

प्राविधिक र वैज्ञानिक सहकार्य समावेश छ। यस अवसरमा श्री मोदीले भारत र सेशेल्स भूगोलले मात्र नभई इतिहास, विश्वास र भविष्यको लागि साझा दृष्टिकोणले जोडिएका छन् भन्नुभयो। प्रधानमन्त्रीले थप भन्नुभयो कि समुद्री छिमेकी र विश्वसनीय साझेदारको रूपमा, सेशेल्सले भारतको विजन महासागर मा विशेष स्थान राख्छ।

प्रधानमन्त्रीले भारतमा सेशेल्सका निजामती कर्मचारीहरूको प्रशिक्षणको लागि समझदारी पत्रमा हस्ताक्षर भएकोमा खुशी व्यक्त गर्नुभयो। उहाँले स्वास्थ्य क्षेत्रमा भारत सधैं सेशेल्सको लागि एक स्थिर र विश्वसनीय साझेदार रहेको उल्लेख गर्नुभयो। सेशेल्सका राष्ट्रपति डा. पैट्रिक हर्मिनीले भन्नुभयो कि उहाँको भ्रमणले दुवै देशहरू बीचको लामो समयदेखिको मित्रता र पारस्परिक सम्मानलाई प्रतिबिम्बित गर्दछ। दुवै राष्ट्रहरूले डिजिटल रूपान्तरणको लागि सफल डिजिटल समाधानहरू साझा गर्ने सम्बन्धमा पनि समझदारी पत्रमा हस्ताक्षर गरेका छन्, उहाँले भन्नुभयो। गत वर्ष अक्टोबरमा पदभार ग्रहण गरेपछि राष्ट्रपति अर्मिनीको यो पहिलो भारत भ्रमण हो।

## प्रधानमन्त्री-परीक्षा पे चर्चा

प्रधानमन्त्री नरेन्द्र मोदीले लोकप्रिय अन्तरक्रियात्मक कार्यक्रम परीक्षा पे चर्चाको 9औं संस्करणको क्रममा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो। आज जारी गरिएको दोस्रो भिडियो एपिसोडमा, प्रधानमन्त्रीले परीक्षाको समयमा तनाव र चिन्तालाई कसरी हटाउने भन्ने बारेमा सम्बोधन गर्नुभएको थियो र विद्यार्थीहरूलाई परीक्षाभन्दा बाहिर हेर्न, जीवन कौशल, खेलकुद, रचनात्मकता र आत्म-विकासमा ध्यान केन्द्रित गर्न प्रेरित गर्नुभएको थियो। अन्तरक्रियाको क्रममा, श्री मोदीले विद्यार्थीहरूलाई साना स्टार्ट-अपहरूबाट आफ्नो उद्यमशीलता यात्रा सुरु गर्न प्रोत्साहित गर्नुभयो। अध्ययन र जोश बीचको सन्तुलन कायम राख्ने बारेमा, प्रधानमन्त्रीले, विद्यार्थीहरूले शैक्षिक र चनात्मक खोजहरूलाई छुट्टाछुट्टै वा विपरीत मार्गको रूपमा हेर्नु हुँदैन भन्नुभयो। जिम्मेवारीको महत्त्वमा प्रधानमन्त्रीले नागरिक जोड विनम विद्यार्थीहरूलाई फोहोर नफाल्ने, सडकमा नथुक्ने, ट्राफिक संकेतहरूको पालना गर्ने र खानाको बर्बादीबाट बच्ने जस्ता आधारभूत नियमहरू पालना गर्न आग्रह गर्नुभयो।

श्री मोदीले अनुशासन र प्रेरणा दुवै आवश्यक रहेको कुरामा जोड दिनुभयो। उहाँले भन्नुभयो कि अनुशासन बिना, BYTS FILM 23 sec प्रेरणा अप्रभावी हुन्छ। यो कार्यक्रम प्रधानमन्त्री नरेन्द्र मोदीको युट्युब च्यानल, दूरदर्शन, आकाशवाणी, शिक्षा संजाल मन्त्रालयको सामाजिक सञ्जाल प्लेटफर्महरू र WAVES OTT मा प्रसारण गरिएको थियो।

## वैष्णव- रेल सेवाको उद्घाटन

रेलमन्त्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीबाट मिजोरमको साइराङ र असमको सिलचर बीच नयाँ यात्रुवाहक रेल सेवाको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै, श्री वैष्णवले सिलचर, पूर्वोत्तर क्षेत्रको धेरै महत्त्वपूर्ण केन्द्र रहेको, भन्नुभयो। कार्यक्रम पछि मिडियासँग कुरा गर्दै रेलमन्त्रीले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा, पूर्वोत्तर क्षेत्रका लागि 11 हजार करोड रुपैयाँभन्दा बढीको रेल बजेट विनियोजन गरिएको छ। उहाँले भन्नुभयो, यस क्षेत्रमा हाल 72 हजार करोड रुपैयाँका परियोजनाहरू चलिरहेका छन्। मन्त्री वैष्णवले गुवाहाटी रेलवे स्टेशन, असममा नयाँ यात्रु सुविधाहरूको पनि उद्घाटन गर्नुभयो, जसले यात्रुहरूको समग्र यात्रा अनुभवमा सुधार गरी रहेकोछ।

## अमित शाह-नक्सलवादीहरू

केन्द्रीय गृहमन्त्री अमित शाहले बाँकी रहेका सक्रिय नक्सलवादीहरूलाई हतियार राख्न, आत्मसमर्पण गर्न र समाजको मुख्यधारामा फर्कन अपील गर्नुभएको छ। उहाँले सरकारले पूर्ण सम्मानका साथ उनीहरूको पुनर्वास सुनिश्चित गर्ने बताउनुभयो । आज छत्तीसगढको बस्तरको डिभिजनल मुख्यालय जगदलपुरमा बस्तर पाण्डुम महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै केन्द्रीय गृहमन्त्रीले सशस्त्र संघर्ष जारी राख्ने नक्सलवादीहरूलाई बचाइने छैन र हतियारको सामना हतियारले गरिने चेतावनी दिनुभयो । उहाँले सरकारको लडाई आदिवासी समुदायको सुरक्षा सुनिश्चित गर्ने उद्देश्यले हो, भन्नुभयो।

बस्तरको संस्कृति र कलाको प्रशंसा गर्दै केन्द्रीय गृहमन्त्रीले बस्तरको संस्कृति भारतीय संस्कृतिको गहना हो, भन्नुभयो । छत्तीसगढका मुख्यमन्त्री विष्णु देव साई र उपमुख्यमन्त्री विजय शर्मा पनि यस अवसरमा उपस्थित हुनुहुन्थ्यो।

## निवार्य घोषणा

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति साढे नौ बजे फोन-इन कार्यक्रम "पब्लिक स्पिक" मा अनलाइन गेमिङको लतः युवाहरूको स्वास्थ्यको लागि एक बढ्दो खतरा विषय बारे एक परिचर्चा प्रसारित गर्नेछ। कार्यक्रमको क्रममा, श्रोताहरूले अनलाइन गेमिङसँग सम्बन्धित खतराहरू, मानसिक स्वास्थ्यमा पर्ने प्रभाव, लत छुटाउने तरिकाहरू र यससँग सम्बन्धित अन्य मुद्दाहरू बारे प्रश्नहरू सोध्न सक्छन्। श्रोताहरुले 011-23310481, 011-23717117, 011-23717106 र 011-23314444 नम्बरमा आफ्नो प्रश्न सोध्न सक्नुहुनेछ। वैकल्पिक रूपमा, तपाईं आफ्ना प्रश्नहरू व्हाट्सएप मार्फत 928-909-4044 नम्बरमा पठाउन सक्नुहुन्छ वा AskAir hashtag प्रयोग गरेर X मा आफ्ना

प्रश्नहरु पोस्ट गर्न सक्नुहुन्छ ।

## ICC पुरुष T20

ICC पुरुष T20 विश्वकपमा, कोलम्बोको सिंहलीज़ स्पोर्ट्स क्लबमा भएको समूह B को खेलमा जिम्बाब्वेले ओमानलाई आठ विकेटले पराजित गर्यो।

दिनको तेस्रो खेलमा, दक्षिण अफ्रिकाले साँझ 7 बजे देखि अहमदाबादको नरेन्द्र मोदी रंगशालामा समूह डी को खेलमा क्यानडाको सामना गर्दैछ।

भारतीय-नेपाली सेना

भारतीय सेनाले भारत-नेपाल सीमामा नेपाली सेनालाई 50 वटा सैन्य उपयोगिता सवारी साधन हस्तान्तरण गरेको छ। यी सवारी साधनहरू नेपालका लागि भारतीय राजदूतले काठमाडौँमा एक समारोहका क्रममा औपचारिक रूपमा प्रस्तुत गर्नेछन्।

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज सेशेल्सका लागि 17 करोड 50 लाख डलरको विशेष आर्थिक प्याकेजको घोषणा गर्नुभयो।

2. प्रधानमन्त्री नरेन्द्र मोदीले लोकप्रिय अन्तरक्रियात्मक कार्यक्रम परीक्षा पे चर्चाको 9औं संस्करणको क्रममा विद्यार्थीहरूसँग अन्तरक्रिया गर्नुभयो।

3. केन्द्रीय गृहमन्त्री अमित शाहले छत्तीसगढको बस्तरको डिभिजनल मुख्यालय जगदलपुरमा बस्तर पाण्डुम महोत्सवको समापन समारोहलाई सम्बोधन गर्दै, सक्रिय नक्सलीहरूलाई हतियार त्यागन, आत्मसमर्पण गर्न र समाजको मुख्यधारामा फर्कन अपील गर्नुभएको छ। र

4. ICC पुरुष T20 विश्वकपमा, दिनको तेस्रो खेलमा, दक्षिण अफ्रिकाले साँझ 7 बजे देखि अहमदाबादको नरेन्द्र मोदी रंगशालामा समूह डी को खेलमा क्यानडाको सामना गर्दैछ।